सुनछहरी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
पोबाङ, रोल्पा
लुम्बिनी प्रदेशनेपाल ,

# आर्थिक बर्ष २०८१/०८२ को
# योजना तथा कार्यक्रम अनुगमन प्रतिवेदन

**सुनछहरी गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**पोवाङ,रोल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

पेश गर्ने
**योजना तथा कार्यक्रम अनुगमन शाखा**
**पेश गरेको मिति: २०८२/०३/२८**

## १. पृष्ठभुमि

सुनछहरी गाउँपालिकाको वार्षिक कार्यक्रम अनुसार आ.व. २०८१।०८२ मा योजना शाखाले योजना तथा अनुगमन सम्वन्धमा विविध कार्यहरु गरेको छ । बार्षिक लक्ष्य अनुसारको प्रगति हासिल गर्न योजना तथा अनुगमन शाखा सफल भएको छ । योजना तथा अनुगमन शाखाको प्रगति विवरण तपशिल वमोजिमको रहेको छ ।

### १.१ योजना सम्झौता

सुनछहरी गाउँपालिका वाट आ.व. २०८१/८२ मा सम्झौता कामको विवरण समिक्षा

| वडास्तरीय योजना | गा.पा स्तरीय योजना | अमानत मा भएको सम्झौता | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत | उ.स मार्फत | ठेक्का मार्फत | अन्य(सेवा तथा पशु शाखा संग सम्बन्धित ) | जम्मा योजना सम्झौता संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ४८ | ५३ | ४ | १२ | ६० | ३७- (कोटेशन-२०, बोलपत्र-८, सिलबन्दी-९)<br>५ सैया अस्पताल निर्माणाधीन | | ९९ | जम्मा योजना संख्या १०१ |

## १.२ योजना भुक्तानी

सुनछहरी गाउँपालिका योजना तथा अनुगमन शाखाबाट २०८१/८२ को असार मसान्त सम्ममा कुल १०१ वटा योजना मध्ये ९९(उनान्सय) वटा मात्र योजनाहरुको भुक्तानिको लागि सिफारिस गरिएको छ भने २(दुई) वटा योजनाको काम हुन नसकेको साथै निर्माणकर्ता/उ.सको ढिलासुस्तीले गर्दा १ वटा योजनाहरु( डाँङ्गाधारा आ.वि सुनछहरी-२ भित्रिगाम योजनाको करिव ६०-७०% मात्र भौतिक प्रगती भएको छ ।

## १.३ योजना भुक्तानि हुन दायित्व भुक्तानी हुन  वाकि योजनाहरु

योजना तथा अनुगमन शाखामा आ.व. २०८१/८२ मा सम्झौता भई कार्य सम्पन्न समेत भइसकेका योजनाहरु भुक्तानि हुन वाकि नरहेको र १ (एक) वटा बहुबर्षिय ठेक्का ५ सैया अस्पताल निर्माण योजनाको भुक्तानी हुन बाँकि रहेको छ ।

## १.४ योजना अनुगमन

आ.व. २०८१।८२ मा योजना तथा अनुगमन शाखाबाट गाउँपालिका स्तरीय ५२ वटा र वडास्तारिय ४७ वटा गरी ९९ वटा योजनाको अनुगमन भएको छ साथै कार्यक्रमहरु तर्फ हेफर नेपालले संचालन गरेको विभिन्न वडामा संचालित कार्यक्रमहरु तथा बाख्रापालन खोरहरु तथा कृषि सम्बन्धि योजनाहरु र स्याउ पकेट, ओखर पकेट कार्यक्रमहरु, बाख्रा प्रबर्धन कार्यक्रम, जेलबाङमा संचालित प्राङ्गारिक कृषि प्रबर्धन कार्यक्रमको अनुगमन गरिएको थियो ।

## १.५ कमिकमजोरीहरु

आ.व. २०८१।०८२ मा योजना तथा अनुगमन शाखाले तपशिल वमोजिमको कमिकमजोरी औल्याएको छ ।

क) उपभोक्ता समितिले कार्य सम्पन्न गर्नको लागि दिइएको निर्धारित समयभित्र कार्यसम्पन्न नगर्नु ।

ख) स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनको सदुपयोग नहुनु ।

ग) प्राविधिकहरु संग समन्वय नगरी उपभोक्ता समितिले काम सुरुवात गरेको देखिनु साथै प्राबिधिकको सरसल्लाह अनुसार काम सुरुवात नगरिनु साथै प्राविधिकहरुको मुख्य मुख्य कामहरुको रनिङ फिल्ड भिजिट समय समयमा नगर्नु ।

सुनछहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पं.बाङ, रोल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

ग) मोटरबाटो निर्माण तथा मर्मतको क्रममा सकेसम्म अनिवार्य नाला तथा पानीको निकाश हुने गरी मोटरबाटो निर्माण तथा मर्मत अनिवार्य नगरिनु ।
घ) उपभोक्ता समिति तथा सरोकारवालाहरुलाई भुक्तानी बखतको कर र उपभोक्ता समितिले व्यहोर्नुपर्ने श्रमदानको बारेमा राम्रो संग बुझाउन नसक्नु
ङ) ठेकेदारहरुले समयमा काम सुरु नगर्नु ।

**१.६ सुझाव तथा निष्कर्ष**

क) समयमानै कार्य सम्पन्न नगर्ने उपभोक्ता समितिलाई खवरदारी गरी अटेर गरेमा
सम्झौता रद्द गर्नुपर्ने ।
ख) माथि उल्लिखत कमिकमजोरीलाई सुधार गर्दै जाने ।